# के.आई.सिंह गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

वायल, डोटी
सुदूरपश्चिमप्रदेश, नेपाल ।
Email : kisingh.rm@gmail.com


पत्र संख्या २०७९/०८०
च.नं.

**बिपन्न समुदायका सुनौला १००० हजार दिनका घरपरिवार लक्षित आयआर्जन क्रियाकलाप संचालन गर्न अनुदानका लागि प्रस्ताव आह्वान १५ दिने सम्बन्धि सुचना**

**पहिलो पटक सूचना प्रकाशित मिति:२०७९/१०/१७**

यस के.आई.सिंह गाउँपालिकाको चालु आ.ब.२०७९/०८० मा संचालित कार्यक्रम बहुक्षेत्रिय पोषण योजना अन्तर्गत महिला सहकारी वा समुहमा अनुदान विवरणका लागि के.आई.सिंह गाउँपालिका क्षेत्र भित्र रहेका महिला सहकारी वा समुहमा अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले तपशिलको शर्त बमोजिम रहने गरी प्रस्ताव पेश गर्न हुन सम्बनधित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

**क प्रस्ताव छनौटको आधार**

१. स्थानीय तह भित्र रहेका दलित तथा जनजाती समुदायमा क्रियाशिल साविक महिला बिकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाईदा पुग्ने सहकारी तथा समुह लाई प्राथमिकता दिईने छ।

२. सहकारीहरु नभएमा सोही प्रकृतीका साविक महिला बिकास कार्यक्रमबाट प्रवर्द्धित महिला समुह, कृषक समुह वा स्वास्थ्य आमा समुह।

३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरि व्यवसाय सञ्चालन गरिने प्रस्तावलाई पहिलो प्राथमिकतामा राखिने छ।

४. बहुक्षेत्रिय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्ताव लाई प्राथमिकता दिईने छ।

५. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजीम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तहमा दर्ता भएको हुनु पर्ने छ।

सरत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

के.आई.सिंह गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

पत्र संख्या २०७९/०८०
च.नं.

वायल, डोटी
सुदूरपश्चिमप्रदेश, नेपाल ।
Email : kisingh.rm@gmail.com

**ख प्रस्ताव छनौटको मापदण्ड तथा सञ्चालन**

१. विपन्न समुदायका महिलाहरुको पुर्ण सहभागिता र नेतृत्वमा स्थानीय तहभित्र सञ्चालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था/समुह छनौट गरिने छ।

२. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशिल नभएको अवस्थामा स/कारीनिकायः महिला विकास कार्यक्रम ,गरिव संग विश्वेशवर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नागरीक सचेतना केन्द्र,कृषि बिकास, पशुसेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समुहलाई क्रमसः प्राथमिकता दिईने छ।

३. महिला समुह समेत नभएको अवस्थामा विकास साझेदारतथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत २ वर्ष देखी क्रियाशिल रहेका महिला समुह मध्येबाट समेत छनौट गर्न सकिने छ।

४. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजीम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तह वा वडा कार्यालयमा सुचिकृत भएको हुनु पर्ने छ।

५. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समुहले सामुदायिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउनु पर्ने छ। हाल सम्म अनुदान प्राप्त नभएको सहकारी तथा समुहलाई प्राथमिकता दिईने छ।

नोटः थप जानकारीका लागि के.आई.सिंह गाउँपालिकाको पोषण सहजकर्ता श्री देवलाल पार्कीलाई सम्पर्क नं.९८४८७९८६७४ मा सम्पर्क गर्नु होला।

सुरत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

सुरत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत